# みんなの市税




福岡市

# हाम्रो नगर कर




फुकुओका नगर

# 目　　次


1　個人の市民税
(1) 個人の市民税を納める外国人（納税義務者）・・・・・ 2
(2) 計算方法・・・・・ 2
(3) 個人の市民税の申告・・・・・ 3
(4) 納期と納付方法・・・・・ 3
(5) 外国人に対する課税所得の範囲について・・・・・ 4
(6) 租税条約について・・・・・ 4
(7) 日本国外居住者を扶養親族とするとき・・・・・ 5

2　固定資産税・都市計画税
(1) 固定資産税・都市計画税を納める外国人（納税義務者）・・・・・ 6
(2) 償却資産の申告・・・・・ 6
(3) 納期と納付方法・・・・・ 6

3　軽自動車税
(1) 軽自動車税を納める外国人（納税義務者）・・・・・ 7
(2) 軽自動車税の税率・・・・・ 7
(3) 軽自動車税の申告・・・・・ 9
(4) 納期と納付方法・・・・・ 9

4　市税の納付
(1) 納税管理人・・・・・10
(2) 市税の納付場所・納付方法・・・・・10
(3) 納期限までに市税を納めないとき・・・・・11

5　税務証明・・・・・12

6　税に関する問い合わせ先
(1) 市税に関する問い合わせ先・・・・・13
(2) 国税に関する問い合わせ先・・・・・16
(3) 県税に関する問い合わせ先・・・・・16




# विषय सूची


१ व्यक्तिको नगर बासिन्दा कर
(१) व्यक्तिको नगर बासिन्दा कर भुक्तानी गर्ने विदेशी (कर भुक्तानी दायित्ववाला)・・・・・ २
(२) गणना तरिका・・・・・ २
(३) व्यक्तिको नगर बासिन्दा करको निवेदन・・・・・ ३
(४) कर भुक्तानी म्याद तथा कर भुक्तानी तरिका・・・・・ ३
(५) विदेशी प्रति कर लाग्ने आय परिधिको बारेमा・・・・・ ४
(६) राजस्व सन्धिको बारेमा・・・・・ ४
(७) जापान बाहिर बसोबास गर्ने नातेदारलाई आश्रित नातेदार बनाउने बारे・・・・・ ५

२ अचल सम्पत्ति कर/नगर निर्माण कर
(१) अचल सम्पत्ति कर/नगर निर्माण कर तिर्ने विदेशी (कर भुक्तानी दायित्ववाला)・・・・・ ६
(२) मूल्यह्रास हुने सम्पत्तिको निवेदन・・・・・ ६
(३) कर भुक्तानी म्याद तथा कर भुक्तानी तरिका・・・・・ ६

३ हल्का मोटर गाडी कर
(१) हल्का मोटर गाडी कर तिर्ने विदेशी (कर भुक्तानी दायित्ववाला)・・・・・ ७
(२) हल्का मोटर गाडी करको कर दर・・・・・ ७
(३) हल्का मोटर गाडी करको निवेदन・・・・・ ९
(४) कर भुक्तानी म्याद तथा कर भुक्तानी तरिका・・・・・ ९

४ नगर करको भुक्तानी
(१) कर भुक्तानी नियन्त्रक・・・・・ १०
(२) नगर कर भुक्तानी स्थान तथा कर भुक्तानी तरिका・・・・・ १०
(३) नगर कर भुक्तानी म्याद भित्र कर नतिरेमा・・・・・ ११

५ कर सम्बन्धी प्रमाणीकरण・・・・・ १२

६ कर सम्बन्धी जानकारीका लागि सम्पर्क
(१) नगर कर सम्बन्धी जानकारीका लागि सम्पर्क・・・・・ १३
(२) राष्ट्रिय कर सम्बन्धी जानकारीका लागि सम्पर्क・・・・・ १६
(३) जिल्ला कर सम्बन्धी जानकारीका लागि सम्पर्क・・・・・ १६

# 1　個人の市民税

個人の市民税は、福岡市に居住している方が、福岡市の行政サービスの費用をそれぞれの負担能力に応じて分担し合うための市税です。個人の市民税は、広く均等に負担する「均等割」と、前年の所得に応じて負担する「所得割」があります。

また、福岡県には個人の県民税があり、申告と納税の手続きは、個人の市民税とあわせて福岡市に行うことになっています。個人の市民税と県民税をあわせて一般に住民税と呼んでいます。


## (1) 個人の市民税を納める外国人（納税義務者）

外国人についても、１月１日現在福岡市内に居住されている方は、個人の市民税が課税されます。

また、お住まいの区以外の区に、事務所、事業所または家屋敷を持っている場合には、事務所等が所在する区でも均等割のみが課税されます。

## (2) 計算方法

個人の市民税は、次のように計算されます。




1、2、及び①～⑤は以下のとおりです。

**1　均等割**

年税額は、市民税 3,000 円（ほかに県民税 1,500 円）となっています。

※令和６年度から、森林環境税 1,000 円もあわせて課税されています。

**2　所得割**

所得割は、①所得金額から②所得控除額を差し引いた③課税総所得金額に、④税率を乗じて計算します。

① 所得金額

所得金額とは、前年の１月１日から 12 月 31 日までの収入金額から、その収入を得るために直接要した経費を差し引いた額をいい、例えば給与所得については、その給与収入金額に応じて、給与所得控除額が定められており、収入金額から差し引くことになっています。

なお、外国人に対する課税所得の範囲については、居住形態とその期間により決定されますので、その内容については P４をご覧ください。

② 所得控除額

所得控除額とは、納税者に配偶者や扶養親族があるかどうか、病気や災害などによる出費があるかどうかなどの個人的な事情を考慮した一定の額を、その納税者の実状に応じた税負担を求めるために所得金額から差し引くことになっているものです。

③ 課税総所得金額

課税総所得金額とは、所得金額から所得控除額を差し引き、千円未満の端数を切り捨てた金額です。

④ 税率

所得割の税率は、市民税８％（県民税２％）となっています。

⑤ 税額控除額

配当所得や外国の源泉所得に対する二重課税を排除する趣旨で定められています。



# १　व्यक्तिको नगर बासिन्दा कर

व्यक्तिको नगर बासिन्दा कर, फुकुओका नगरमा बसोबास गर्नेहरूले आ-आफ्नो भुक्तानी क्षमता अनुसार फुकुओका नगरको सरकारी सेवाको खर्च भुक्तानी गर्ने नगर कर हो। व्यक्तिको नगर बासिन्दा कर, सबैले बराबर रकम तिर्ने "समान कर भुक्तानी रकम" र अघिल्लो वर्षको आय अनुसार तोकिने "आय अनुसार भुक्तानी रकम" गरी दुई थरीको छ।

साथै फुकुओका जिल्लामा व्यक्तिको जिल्ला बासिन्दा कर पनि तिर्नुपर्ने हुन्छ र त्यसको निवेदन र भुक्तानीको प्रक्रिया, व्यक्तिको नगर बासिन्दा करसँगै मिलाएर फुकुओका नगरमा गर्नुपर्ने हुन्छ। व्यक्तिको नगर बासिन्दा कर र जिल्ला बासिन्दा कर मिलाएर साधारणतया बासिन्दा कर (जूमिन जे) भनिन्छ।


## (१) व्यक्तिको नगर बासिन्दा कर भुक्तानी गर्ने विदेशी (कर भुक्तानी दायित्ववाला)

विदेशी नागरिक पनि जनवरी १ तारिखमै फुकुओका नगरमा बसोबास गरेकाहरूलाई व्यक्तिको नगर बासिन्दा कर लाग्नेछ।

साथै बसोबास गर्ने वडा बाहेक अन्य वडामा कार्यालय, व्यवसाय स्थल वा घर भवन भएको खण्डमा कार्यालय आदि रहेको वडामा पनि समान कर भुक्तानी रकम मात्र लाग्नेछ।

## (२) गणना तरिका

व्यक्तिको नगर बासिन्दा कर निम्न अनुसार गणना गरिन्छ।




१, २ तथा (१)～(५) निम्न अनुसार छन्।

**१　समान कर भुक्तानी रकम**

यसको वार्षिक कर रकम नगर बासिन्दा कर ३,००० येन (यस बाहेक जिल्ला बासिन्दा कर १,५०० येन) लाग्नेछ।

*आर्थिक वर्ष २०२४ देखि वन पर्यावरण कर १,००० येन सहित कर लागु भइरहेको छ।

**२　आय अनुसार भुक्तानी रकम**

आय अनुसार भुक्तानी रकम (१) आय रकमबाट (२) आयमा हुने मिनाहा रकम काटेपछिको (३) कर लाग्ने कुल आय रकममा (४) कर दर गुणन गरी निकालिन्छ।

(१) आय रकम

आय रकम भन्नाले अघिल्लो वर्षको जनवरी १ तारिखदेखि डिसेम्बर ३१ तारिखसम्मको आय रकमबाट, त्यस आय आर्जनको लागि प्रत्यक्ष रूपमा आवश्यक लागत खर्च कटाई निकालिएको रकम हो। उदाहरणको लागि, प्राप्त सम्पूर्ण तलब रकम अनुसार तलब आयमा हुने मिनाहा रकम तोकिएको हुन्छ र आय रकमबाट कट्टि गरिन्छ।

साथै विदेशी प्रति कर लाग्ने आयको परिधि बसोबास अवस्था तथा त्यस अवधि अनुसार निश्चित गरिने हुनाले त्यसको विषयवस्तुबारे जान्न पृष्ठ ४ हेर्नुहोस्।

(२) आयमा हुने मिनाहा रकम

आयमा हुने मिनाह रकम भन्नाले कर भुक्तानी कर्ताको पति वा पत्नी तथा आश्रित नातेदार भएको नभएको, बिमारी तथा प्राकृतिक प्रकोप आदिका कारण खर्च बढ्न गएको छ छैन भन्ने जस्ता व्यक्तिगत परिस्थितिको विचार गरेर निश्चित गरिने खास रकम, कर भुक्तानी  कर्ताको अवस्था र औकत अनुसारको कर रकम माग गर्नका लागि, उक्त व्यक्तिको आय रकमबाट मिनाह गरिने रकम भन्ने बुझिन्छ।

(३) कर लाग्ने कुल आय रकम

कर लाग्ने कुल आय रकम भन्नाले आय रकमबाट आयमा हुने मिनाह रकम घटाउँदा हजार भन्दा कम रकम कट्टि गरेको रकम भन्ने बुझिन्छ।

(४) कर दर

आय अनुसार भुक्तानी रकमको कर दर, नगर बासिन्दा कर ८% (जिल्ला बासिन्दा कर २%) तोकिएको छ।

(५) कर रकममा हुने मिनाह रकम

लाभांशद्वारा प्राप्त आय तथा विदेशमा स्रोत भएको आय प्रति दोहोरो कर नलागोस् भन्ने हेतुले तोकिएको हुन्छ।

## (3) 個人の市民税の申告

１月１日現在で福岡市内に居住されている方は、その年の３月 15 日までに、１月１日現在の住所地の区役所に個人の市民税の申告をしていただかなければなりません。

ただし、次に該当する人は、申告の必要はありません。

- ○ 前年中に所得がなかった人
- ○ 前年中の所得が給与のみで、勤務先から市に給与支払報告書が提出されている人
- ○ 税務署に所得税の確定申告書を提出した人
- ○ 前年中の所得が 43 万円以下の人

## (4) 納期と納付方法

市県民税の納税は、①普通徴収と②給与からの特別徴収、③公的年金からの特別徴収の３つの方法があります。

**① 普通徴収**

個人事業者や会社を退職し給与の支払いを受けていない場合は、区役所から送付した納税通知書（納付書）で、年４回（６月、８月、10 月および翌年の１月）に分けて納期限までに納めていただくことになっています。

詳しい納付方法は、P10～11 をご覧ください。

| 納期月 | 第１期 | 第２期 | 第３期 | 第４期 |
|---|---|---|---|---|
| | ６月 | ８月 | １０月 | １月 |

※納期限は月末です。納期限が、土曜日、日曜日、祝日にあたるときは、これらの日の翌日が納期限となります。

また、福岡市外へ転出したり、日本から出国される場合には、納税管理人を指定していただくか、残りの税額を納付して、納め忘れのないようにしてください。

**② 給与からの特別徴収**

会社の従業員などの場合には、給与の支払者を通じて税額の通知を行い、給与の支払者が６月から翌年の５月までの各月の給与から税額を差し引き、翌月に納めることになっています。

また、会社を退職したり、日本を出国される場合には、未納付の税額について、一括して給与から差し引くように給与支払者に申し出てください。

**③ 公的年金からの特別徴収**

年度の初日（４月１日）現在、老齢基礎年金等の公的年金の支払いを受けている 65 歳以上の方で、かつ個人の市民税が課税となる場合は、公的年金等の所得に対する税額を、年金支払者が公的年金の支払額から引き去り、それをとりまとめて年金支給月の翌月の 10 日までに納めていただくことになっています。

なお、公的年金の所得以外に、給与や事業所得、不動産所得等がある場合は、その所得に対する税額は、給与からの特別徴収又は普通徴収の方法で納めていただきます。

※ 個人の住民税は所得が発生した翌年度に課税することになっていますので、出国後に個人の市民税が課税される場合があります。その場合は、納税管理人（詳しくは P10 をご覧ください。）の選任が必要となりますので、出国前に区役所課税課にご確認ください。





## (३) व्यक्तिको नगर बासिन्दा करको निवेदन

जनवरी १ तारिखमै फुकुओका नगरमा बसोबास गर्ने व्यक्तिले त्यस वर्षको मार्च १५ तारिखसम्ममा जनवरी १ तारिखको अवस्थामा बसेको स्थानको वडा कार्यालयमा व्यक्तिको नगर बासिन्दा करको निवेदन गर्नु अनिवार्य रहेको छ।

यद्यपि निम्न अवस्थाका व्यक्तिले निवेदन दिनु आवश्यक छैन।

- ○ अघिल्लो वर्षको आय नभएकाहरू
- ○ अघिल्लो वर्षको आय तलब रकम मात्र भएको र जागिर खाने कार्यालयद्वारा नगर कार्यालयमा आफ्नो तलब सम्बन्धी जानकारी पेस गरिएका व्यक्ति
- ○ कर कार्यालयमा आयकर निर्धारणको लागि आयस्ताको स्वघोषणा गर्ने निवेदन फारम पेस गरेका व्यक्ति
- ○ अघिल्लो एक वर्षको आय रकम ४,३०,००० येनभन्दा कम भएका व्यक्ति

## (४) कर भुक्तानी म्याद तथा कर भुक्तानी तरिका

नगर तथा जिल्ला बासिन्दा करको असूली (१) साधारण असूली, (२) तलबबाट हुने विशेष असूली तथा (३) सार्वजनिक पेन्सनबाट गरिने विशेष असूली गरी ३ थरीको हुन्छ।

**१. साधारण असूली**

व्यक्तिगत व्यवसायी हुने तथा कम्पनीबाट काम छोडेर तलब प्राप्त नहुने अवस्थामा वडा कार्यालयबाट हुलाकद्वारा पठाइने कर भुक्तानी सूचना पत्र ("नोफुस्यो") प्रयोग गरेर वर्षको ४ पटक (जून, अगस्ट, अक्टोबर तथा अर्को वर्षको जनवरीका महिनाहरू) गरेर भुक्तानी म्यादसम्ममा भुक्तानी गर्नुपर्ने छ।

भुक्तानी तरिकाको विस्तृत जानकारीको लागि पृष्ठ १०-११ हेर्नुहोस्।

| भुक्तानी म्यादको महिना | पहिलो अवधि | दोस्रो अवधि | तेस्रो अवधि | चौथो अवधि |
|---|---|---|---|---|
| | जून महिना | अगस्ट महिना | अक्टोबर महिना | जनवरी महिना |

*मसान्तमा भुक्तानी म्याद खतम हुन्छ। शनिवार, आइतवार तथा सार्वजनिक बिदामा म्यादको अन्तिम दिन परेमा त्यसको भोलिपल्ट म्याद खतम हुनेछ।

साथै फुकुओका नगर बाहिर बसाइँ सरि जाने वा जापानबाट बाहिर जाने भएमा कर भुक्तानी नियन्त्रक तोक्नुहोस् अथवा बाँकी कर रकम भुक्तानी गरी सम्पूर्ण कर रकम तिर्न नभुल्नुहोस्।

**२. तलबबाट हुने विशेष असूली**

कम्पनीका कर्मचारी भए तलब तिर्नेवालाको माध्यामद्वारा कर रकमको निवेदन हुनेछ र तलब तिर्नेवालाले जून महिनादेखि नयाँ आउने सालको मे महिनासम्मको हरेक महिनाको तलबबाट कर रकम कट्टि गरि अर्को महिनामा बुझाउनुपर्छ।

साथै कम्पनी छोड्ने वा जापान बाहिर जाने भएमा तिर्न बाँकी कर रकम एक मुष्ठ तलबबाट काट्न तलब तिर्नेवालासँग कुरा गर्नुहोस्।

**३. सार्वजनिक पेन्सनबाट गरिने विशेष असूली**

आर्थिक वर्षको पहिलो दिन (अप्रिल १ तारिख) मै, वृद्धावस्था आधारभूत पेन्सन आदि सार्वजनिक पेन्सन प्राप्त गरिरहेका ६५ वर्ष वा सोभन्दा बढी उमेरका व्यक्ति भएर व्यक्तिको नगर बासिन्दा कर लाग्ने अवस्थामा, सार्वजनिक पेन्सन जस्ता आयमा लाग्ने कर रकम, पेन्सन भुक्तानी कर्ताले सार्वजनिक पेन्सन रकमबाट झिकेर त्यस रकम एक मुष्ट जम्मा गरि पेन्सन भुक्तानी महिना पछिको अर्को महिनाको १० तारिखसम्म तिरिसक्नुपर्ने छ।

यसका साथै सार्वजनिक पेन्सनको आयको अलवा तलब रकम या व्यवसायिक आय, घर जग्गा आदि अचल सम्पतिबाटको आय भएमा, त्यस आय प्रति लाग्ने कर रकम, तलबबाट गरिने विशेष असूली वा साधारण असूली मध्य कुनै एक तरिकाबाट तिर्नुपर्छ।

* व्यक्तिको बसोबास कर आय प्राप्त हुन आएको वर्ष पछिको नयाँ आर्थिक वर्षमा कर लाग्ने भन्ने नियम रहेको हुनाले जापान छोडेर गइसकेपछि व्यक्तिको नगर बासिन्दा कर लाग्न सक्छ। त्यस अवस्थामा कर भुक्तानी नियन्त्रक (विस्तृत जानकारीका लागि पृष्ठ १० हेर्नुहोस्) मनोनित गर्नुपर्ने हुनाले जापान छोड्नुभन्दा अगाडि वडा कार्यालय कर लागु फाँटमा गई कुराकानी गर्नुहोस्।



## (5) 外国人に対する課税所得の範囲について

外国人に対する課税所得の範囲は、居住形態により決定されます。居住形態は課税上、居住者と非居住者とに区分され、居住者はさらに非永住者と永住者に細分されます。

居住者 ： 日本国内に「住所」を有するか、又は現在まで引き続いて１年以上「居所」を有する人

（注） 一般的に、生活の本拠が日本にある場合には、日本に住所があるものとされ、住所はないが日本に滞在又は居住している場合には、日本に居所を有することになります。

○ 非永住者： 居住者のうち、日本の国籍を有しておらず、過去 10 年以内において国内に住所又は居所を有していた期間の合計が５年以下である個人

○ 永住者 ： 非永住者以外の居住者

非居住 ： 居住者以外の人

● 居住形態に応じた課税所得の範囲を示すと下の表のようになります。

| 区分 | | 課税範囲 | | | |
|---|---|---|---|---|---|
| | | 国内源泉所得 | | 国外源泉所得 | |
| | | 国内支払 | 国外支払 | 国内支払 | 国外支払 |
| 居住者 | 非永住者 | 全額課税 | 全額課税 | 全額課税 | 国外で支払われるもののうち国内に送金されたとみなされる金額だけ課税（したがって、国外で支払われる所得のうち国外に保有される金額については課税されません。） |
| | 永住者 | 全額課税 | 全額課税 | 全額課税 | 全額課税 |
| 非居住者 | | 原則として課税 | | 非課税 | |

## (6) 租税条約について

日本国との間で、租税条約が締結されている国の人の場合には、その租税条約の定めるところにより、個人の市民税が軽減又は免除される場合があります。

また、外国政府職員、教授、留学生等の場合、個人の市民税を直接の対象としない租税条約を締結している国の人であっても、所得税が免除された所得については、個人の市民税も課税されません。



## (७) विदेशी प्रति कर लाग्ने आय परिधिको बारेमा

विदेशी प्रति कर लाग्ने आयको परिधि उक्त विदेशीको बसोबास अवस्था अनुसार निर्धारण गरिन्छ। बसोबास अवस्था कर लागुको सन्दर्भमा बसोबास गर्ने व्यक्ति र बसोबास नगर्ने व्यक्ति गरी दुई थरीमा बाँडिन्छ र बसोबास गर्ने व्यक्ति पनि अस्थायी वासी र स्थायी वासीमा बाँडिन्छ।

बसोबास गर्ने व्यक्ति : जापान भित्र "ठेगाना" भएको विदेशी अथवा हालसम्म निरन्तर १ वर्ष वा सोभन्दा बढी "आवास" भएको व्यक्ति

(नोट) साधारणतया जीवन गुजाराको मुख्य ठाउँ जापानमा हुने भएमा जापानमा ठेगाना रहेको भनी मानिनेछ अनि ठेगाना नभए पनि जापानमा दिन बिताई रहको वा बसोबास गरिरहेको भएमा जापानमा आवास भएको भनी ठानिनेछ।

○ अस्थायी वासी : बसोबास गर्ने विदेशी मध्य जापानी नागरिकता नभएको र विगत १० वर्ष भित्र जापानमा ठेगाना वा आवास भएको अवधिको कुल समय ५ वर्ष वा सोभन्दा कम भएका व्यक्ति

○ स्थायी वासी : अस्थायी वासी बाहेकका बसोवासी

बसोबास नगर्ने व्यक्ति : बसोबास गर्ने व्यक्ति बाहेकका व्यक्ति

● बसोबास अवस्था अनुसार कर लाग्ने आयको परिधिको खुलासा गरेमा निम्न तालिका अनुसार हुनेछ।

| श्रेणी | | कर लाग्ने परिधि | | | |
|---|---|---|---|---|---|
| | | जापान भित्र स्रोत भएको आय | | जापान बाहिर स्रोत भएको आय | |
| | | जापान भित्र तिर्ने | जापान बाहिर तिर्ने | जापान भित्र तिर्ने | जापान बाहिर तिर्ने |
| बसोबास गर्ने व्यक्ति | अस्थायी वासी | सम्पूर्ण रकममा कर लाग्ने | सम्पूर्ण रकममा कर लाग्ने | सम्पूर्ण रकममा कर लाग्ने | जापान बाहिर प्राप्त हुने आय मध्य जापानमा पठाइएको भनी ठानिने रकममा मात्र कर लाग्ने (यसको मतलब जापान बाहिर प्राप्त हुने आय मध्य जापान बाहिर रहेको आयमा कर लाग्दैन।) |
| | स्थायी बसोवासी | सम्पूर्ण रकममा कर लाग्ने | सम्पूर्ण रकममा कर लाग्ने | सम्पूर्ण रकममा कर लाग्ने | सम्पूर्ण रकममा कर लाग्ने |
| बसोबास नगर्ने व्यक्ति | | सिद्धान्ततः कर लाग्ने | | कर नलाग्ने | |

## (६) राजस्व सन्धिको बारेमा

जापान राष्ट्रसँग राजस्व सन्धि बाँधिएका राष्ट्रबाट आएका व्यक्ति भएमा उक्त राजस्व सन्धिले तोके अनुसार व्यक्तिको नगर बासिन्दा कर शुल्क कम गरिन अथवा माफी गरिन पनि सक्छ।

साथै विदेशी कूटनीतिज्ञ, प्राध्यापक, विदेशी विद्यार्थी आदि भएको खण्डमा व्यक्तिको नगर बासिन्दा कर प्रत्यक्ष रूपमा परिधि पर्ने नजाने राजस्व सन्धि बाँधिएका राष्ट्रका व्यक्ति भए पनि आयकर माफी गरिएको आयमा भने व्यक्तिको नगर बासिन्दा कर लाग्दैन।

## (7) 日本国外居住者を扶養親族とするとき

日本国内に住所を有しない親族に係る扶養控除等の適用又は非課税限度額制度の適用を受ける場合は、申告の際に、下記の書類の添付又は提示が必要です。

<扶養控除に係る確認書類>

| 非居住者である親族の年齢等の区分 | | 必要書類 |
|---|---|---|
| 30 歳未満又は 70 歳以上 | | 親族関係書類（注１）、送金関係書類（注２） |
| 30 歳以上 70 歳未満 | ①留学により国内に住所及び居所を有しなくなった者 | 親族関係書類（注１）、送金関係書類（注２）、留学ビザ等書類（注３） |
| | ②障害者 | 親族関係書類（注１）、送金関係書類（注２） |
| | ③あなたからその年において生活費又は教育費に充てるための支払を 38 万円以上受けている者 | 親族関係書類（注１）、38 万円送金書類（注４） |
| | （上記①～③以外の者） | （扶養控除の対象外） |

<配偶者控除、配偶者特別控除又は障害者控除に係る確認書類>

| 適用を受けようとする控除 | 必要書類 |
|---|---|
| 配偶者控除、配偶者特別控除 | 親族関係書類（注１）、送金関係書類（注２） |
| 障害者控除 | 親族関係書類（注１）、送金関係書類（注２） |

（注１）親族関係書類の例

（1）戸籍の附票の写しと日本国外に居住する親族の旅券（パスポート）の写し

（2）外国政府又は外国の地方公共団体が発行した書類で日本国外に居住する親族が居住者の親族であることを証するもの（その親族の氏名、住所及び生年月日の記載があるものに限ります。）

（注２）送金関係書類の例

金融機関への送金依頼書など日本国外に居住する親族の生活費又は教育費に充てるための支払いを、必要の都度、行ったことを明らかにする書類

（注３）留学ビザ等書類の例

外国政府又は外国の地方公共団体が発行した査証（ビザ）に類する書類や在留カードに相当する書類の写しで、留学をもってその外国に在留することにより国内に住所を有しなくなったことを証する書類

（注４）38 万円送金書類の例

注２の送金関係書類のうち、申告者から日本国外に居住する親族各人へのその年における支払の金額の合計額が 38 万円以上であることを明らかにする書類



## (७) जापान बाहिर बसोबास गर्ने नातेदारलाई आश्रित नातेदार बनाउने बारे

जापान भित्र ठेगाना नभएका नातेदारको लागि आश्रित कटौती आदि लागू हुने अथवा कर नलाग्ने अधिकतम रकम प्रणालीको नियम लागू हुने अवस्थामा निवेदन दिने बेला निम्न पत्रहरू सँगै पेस गर्न वा देखाउन आवश्यक छ।

<आश्रित कटौती सम्बन्धी पुष्टि गर्ने पत्र>

| बसोबास नगर्ने व्यक्ति भएका नातेदारको उमेर आदि अनुसार वर्गीकरण | | आवश्यक पत्रहरू |
|---|---|---|
| ३० वर्षभन्दा कम वा ७० वर्ष वा सोभन्दा माथि | | पारिवारिक सम्बन्ध खुलाउने पत्र (नोट १), रकम पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्र (नोट २) |
| ३० वर्ष वा सोभन्दा माथि ७० वर्षभन्दा कम | १. विदेशमा गरिने अध्ययन गर्न गएकोले अब जापान भित्र ठेगाना र आवास नभएको व्यक्ति | पारिवारिक सम्बन्ध खुलाउने पत्र (नोट १), रकम पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्र (नोट २), प्रवासी विद्यार्थी भिसा आदि खुलाउने पत्र (नोट ३) |
| | २. अपाङ्गता भएको व्यक्ति | पारिवारिक सम्बन्ध खुलाउने पत्र (नोट १), रकम पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्र (नोट २) |
| | ३. तपाईबाट उक्त एक वर्षमा जीवनयापन खर्च वा शैक्षिक शुल्कको लागि ३ लाख ८० हजार येन वा सोभन्दा बढी भुक्तानी प्राप्त गरेको व्यक्ति | पारिवारिक सम्बन्ध खुलाउने पत्र (नोट १), ३ लाख ८० हजार येन पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्र (नोट ४) |
| | (माथिको १ देखि ३ बाहेकका व्यक्तिहरू) | (आश्रित कटौतीको परिधिमा नपर्ने) |

<जीवनसाथी कटौती, जीवनसाथी विशेष कटौती अथवा अपाङ्गता भएको व्यक्ति कटौती सम्बन्धी पुष्टि गर्ने पत्रहरू>

| लागू प्राप्त गर्न खोज्ने कटौती | आवश्यक पत्रहरू |
|---|---|
| जीवनसाथी कटौती, जीवनसाथी विशेष कटौती | पारिवारिक सम्बन्ध खुलाउने पत्र (नोट १), रकम पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्र (नोट २) |
| अपाङ्गता भएको व्यक्ति कटौती | पारिवारिक सम्बन्ध खुलाउने पत्र (नोट १), रकम पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्र (नोट २) |

(नोट १) पारिवारिक सम्बन्ध खुलाउने पत्रको उदाहरण

(१) पुञ्जीकरण दर्ताको संलग्न पत्रको प्रतिलिपि र जापान बाहिर बस्ने नातेदारको राहदानीको प्रतिलिपि

(२) जापान बाहिर बस्ने नातेदार बासोवासीसँग पारिवारिक सम्बन्ध भएको व्यक्ति हो भनी प्रमाणित गर्ने विदेशी सरकार वा विदेशी स्थानीय सरकारद्वारा जारी गरिएका कागजातहरू (उक्त नातेदारको नाम, ठेगाना र जन्ममिति समावेश भएको पत्रहरू मात्र स्वीकार्य छ।)

(नोट २) रकम पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्रको उदाहरण

जापान बाहिर बस्ने नातेदारहरूको जीवनयापन खर्च वा शैक्षिक शुल्क कभर गर्न आवश्यक परे अनुसार पटक-पटक भुक्तानी गरिएको कुरा देखाउने कागजातहरू, जस्तै वित्तीय संस्थामा बुझाएको रेमिट्यान्स अनुरोध पत्र

(नोट ३) प्रवासी विद्यार्थी भिसा आदि खुलाउने पत्रको उदाहरण

विदेशी सरकार वा विदेशी स्थानीय सरकारले जारी गरेको भिसा जस्तो पत्र वा निवास कार्डसँग समान पत्रको प्रतिलिपि, जसले विदेशमा अध्ययन गर्न उक्त देशमा बसोबास गरेकोले अब जापान भित्र ठेगाना नभएको कुरा प्रमाणित गर्छ

(नोट ४) ३ लाख ८० हजार येन पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्र

नोट 2 को रकम पठाउँदा खुलाउनु पर्ने सम्बन्ध पत्रहरू मध्ये जापान बाहिर बस्ने प्रत्येक नातेदारलाई निवेदकले उक्त एक वर्षमा भुक्तानी गरेको कुल रकम ३ लाख ८० हजार येन वा सोभन्दा बढी रहेको कुरा खुलाउने पत्र

## 2　固定資産税・都市計画税

固定資産税は、土地、家屋、償却資産（これらを総称して、「固定資産」といいます。）を所有している方に、その固定資産の評価額に応じて課税されます。

都市計画税は、市街化区域内に土地・家屋を所有している方に課税される、都市計画事業や土地区画整理事業に要する費用にあてるための税金です。

なお、固定資産税と都市計画税はあわせて納めていただくことになります。

※償却資産……事業のために用いることができる構築物、機械、車両、器具、備品など



### (1) 固定資産税・都市計画税を納める外国人（納税義務者）

固定資産税・都市計画税を納める方は、毎年１月１日現在、福岡市内に固定資産を所有している方で、具体的には次のとおりです。

| | |
|---|---|
| 土　地 | 登記簿または土地補充課税台帳に所有者として登記または登録されている方 |
| 家　屋 | 登記簿または家屋補充課税台帳に所有者として登記または登録されている方 |
| 償却資産 | 償却資産課税台帳に所有者として登録されている方 |

※都市計画税を納める方は、市街化区域内に土地・家屋を所有している方です。

このように、固定資産税・都市計画税は、登記簿または課税台帳に登記、または登録されている方が納税義務者になります。

したがって、売買などによって固定資産の実際の所有者が新所有者に変わっていても、１月１日現在、まだ登記簿などの名義変更手続が完了していない場合は、旧所有者が納税義務者になります。

### (2) 償却資産の申告

償却資産の所有者は、毎年１月１日現在の資産の状況などについて申告しなければなりません。工場・商店などの設備や備品だけでなく、個人の方が貸駐車場・賃貸マンションなどに設置するフェンスなどの外構、舗装、駐車場設備も償却資産の申告対象です。

### (3) 納期と納付方法

区役所や市役所から送付した納税通知書（納付書）で、年４回（４月、７月、12 月および翌年の２月）に分けて納期限までに納めていただくことになっています。詳しい納付方法は、P10～11 をご覧ください。

| 納期月 | 第１期 | 第２期 | 第３期 | 第４期 |
|---|---|---|---|---|
| | ４月 | ７月 | １２月 | ２月 |



※納期限は月末です。（12 月は 28 日が納期限です。）納期限が、土曜日、日曜日、祝日又は年末年始（12/29～１/３）にあたるときは、これらの日の翌日が納期限となります。

また、福岡市外へ転出したり、日本から出国される場合には、納税管理人を指定していただくか、残りの税額を納付して、納め忘れのないようにしてください。



## २　अचल सम्पत्ति कर/नगर निर्माण कर

अचल सम्पत्ति करमा जग्गा जमिन, घर भवन, मूल्यह्रास हुने सम्पत्ति (यी सबै मिलाएर "अचल सम्पत्ति" भनिन्छ) भएकाहरूलाई त्यस अचल सम्पत्तिको मूल्याङ्कन रकम अनुसार कर लाग्छ।

नगर निर्माण कर भनेको सहरीकरण क्षेत्रमा जग्गा र घर भवन भएकाहरूलाई लाग्ने एक कर हो र नगर निर्माण परियोजनाहरू र भूमि समायोजन परियोजनाहरूको लागत कभर गर्न लगाइन्छ ।

पुनश्च अचल सम्पत्ति कर र नगर निर्माण कर सँगै एक मुष्ट गरी तिर्नुपर्ने छ।

*मूल्यह्रास हुने सम्पत्ति.....व्यवसायको लागि प्रयोग गर्न सक्ने (आवास बाहेकका) निर्माण रचनाहरू, मेशिन, मोटर गाडी, उपकरण, सर-सामान आदि



### (१) अचल सम्पत्ति कर/नगर निर्माण कर तिर्ने विदेशी (कर भुक्तानी दायित्ववाला)

अचल सम्पत्ति कर/नगर निर्माण कर तिर्ने विदेशीमा, हरेक वर्ष जनवरी १ तारिखमै फुकुओका नगर भित्र अचल सम्पत्ति भएका विदेशी पर्छ र उदाहरणका लागि निम्न अनुसारका व्यक्तिहरू हुन्।

| | |
|---|---|
| जग्गा | अचल सम्पत्ति दर्ता पुस्तिका ("तोओकिबो") अथवा जग्गा परिपूर्ति कर लागु दर्ता सूची ("तोचि होजू काजेइ दाइचो") मा स्वामित्व रहेको व्यक्तिको रूपमा उल्लेख भएका वा दर्ता गराइएका व्यक्ति |
| घर भवन | अचल सम्पत्ति दर्ता पुस्तिका ("तोओकिबो") अथवा घर भवन परिपूर्ति कर लागु दर्ता सूची ("काओकु होजूकाजे दाइचो") मा स्वामित्व रहेको व्यक्तिको रूपमा उल्लेख भएका अथवा दर्ता गराइएका व्यक्ति |
| मूल्यह्रास हुने सम्पत्ति | मूल्यह्रास हुने सम्पत्तिको कर लागु दर्ता सूचीमा स्वामित्व रहेको व्यक्तिको रूपमा दर्ता गराइएका व्यक्ति |

*नगर निर्माण कर तिर्ने व्यक्तिमा सहरीकरण क्षेत्रमा जग्गा र घर भवन भएका व्यक्तिहरू पर्छ।

यसरी दर्ता पुस्तिका अथवा कर लागु दर्ता सूचीमा पञ्जीकरण अथवा दर्ता गराइएकाहरू अचल सम्पत्ति कर/नगर निर्माण कर भुक्तानी दायित्ववाला बन्न जान्छन्।

यसकारण खरिदबिक्रीका गतिविधिले अचल सम्पत्तिको वास्तविक स्वामित्व पुरानोबाट नयाँमा बदली भएपनि जनवरी १ तारिखमै अझै कानुनी दर्ता आदिमा स्वामित्वको नाम परिवर्तन प्रक्रिया समाप्त भइ नसकेको अवस्थामा पुरानो स्वामित्ववाला नै कर भुक्तानी दायित्ववाला हुनेछ।

### (२) मूल्यह्रास हुने सम्पत्तिको निवेदन

मूल्यह्रास हुने सम्पत्तिको स्वामित्ववालाले हरेक वर्ष जनवरी १ तारिखमै भएको सम्पत्तिको अवस्थाबारे निवेदन दिनु अनिवार्य हुन्छ। कारखाना र पसल आदि जस्ता भवन तथा सुविधा साधन मात्र नभएर व्यक्तिले भाडामा दिने पार्किङ वा एमार्टमेन्ट आदि को जग्गामा जडान गर्ने फेन्स जस्ता बाहिरी सजावटका निर्माण रचनाहरू, पिच, पार्किङका स्थल पनि मूल्यह्रास हुने सम्पत्तिको निवेदनको दायरामा पर्छ।

### (३) कर भुक्तानी म्याद तथा कर भुक्तानी तरिका

वडा कार्यालय तथा नगर कार्यालयबाट पठाइएको कर भुक्तानी सूचना पत्र ("नोफुस्यो") प्रयोग गरी वर्षको ४ पटक (अप्रिल, जुलाई, डिसेम्बर, अनि अर्को वर्षको फेब्रुअरी महिना) गरी भुक्तानी म्याद सम्ममा भुक्तानी गर्नुपर्ने छ।
भुक्तानी तरिकाको विस्तृत जानकारीको लागि पृष्ठ १० देखि ११ हेर्नुहोस्।

| भुक्तानी म्यादको महिना | पहिलो अवधि | दोस्रो अवधि | तेस्रो अवधि | चौथो अवधि |
|---|---|---|---|---|
| | अप्रिल महिना | जुलाई महिना | डिसेम्बर महिना | फेब्रुअरी महिना |



*मसान्तमा भुक्तानी म्याद खतम हुन्छ। (डिसेम्बर महिनामा २८ तारिखसम्म म्याद हुनेछ।) यदि म्यादको अन्तिम दिन शनिवार, आइतवार, सार्वजनिक बिदा तथा वर्षान्त र नयाँ वर्षको बिदा (डिसेम्बर २९ देखि जनवरी ३ तारिख) मा परेमा त्यसको भोलिपल्ट म्याद खतम हुनेछ।

साथै फुकुओका नगर बाहिर बसाइँ सरि जाने वा जापानबाट बाहिर जाने भएमा कर भुक्तानी नियन्त्रक तोक्नुहोस् अथवा बाँकी कर रकम भुक्तानी गरी सम्पूर्ण कर रकम तिर्ने नभुल्नुहोस्।

## 3　軽自動車税

### （1）軽自動車税を納める外国人（納税義務者）

軽自動車税は、毎年４月１日現在、福岡市内に主たる定置場のある原動機付自転車、軽自動車、小型特殊自動車及び二輪の小型自動車（これらを「軽自動車等」といいます。） を所有している方に課税されます。

**※４月１日以降に名義変更した場合でも４月１日現在での所有者に課税されます。**

### （2）軽自動車税の税率

軽自動車税の税率は、軽自動車等の車種及び排気量等により次のとおり定められています。

| 原動機付自転車・二輪の軽自動車・二輪の小型自動車・小型特殊自動車 | | | |
|---|---|---|---|
| 車種・排気量の区分 | | | 税率（税額） |
| 原動機付自転車 | 50cc（または 0.6kw）以下のもの（屋根付三輪※１及び特定小型原動機付自転車※２を含み、ミニカー※３を除く） | | 2,000 円 |
| | 二輪 | 50cc を超え、90cc 以下のもの（または 0.6kw を超え、0.8kw 以下のもの） | 2,000 円 |
| | | 125cc 以下、かつ最高出力 4.0kw 以下のもの | 2,000 円 |
| | | 90cc を超え、125cc 以下のもの（または 0.8kw を超え、1.0kw 以下のもの） | 2,400 円 |
| | 三輪以上 | 20cc を超え、50cc 以下のもの（ミニカー※３）（または 0.25kw を超え、0.6kw 以下のもの） | 3,700 円 |
| 二輪の軽自動車 | 125cc を超え、250cc 以下のもの（ボートトレーラー等の被けん引車※４を含む） | | 3,600 円 |
| 二輪の小型自動車 | 250cc を超えるもの | | 6,000 円 |
| 小型特殊自動車 | 農耕作業用 | | 2,400 円 |
| | その他 | | 5,900 円 |

※１　三輪の原動機付自転車で、側面が構造上開放されている車室を備え、かつ輪距が 0.5m以下のもの

※２　外部電源により供給される電気を動力源とするもので、以下のすべてに該当するもの
①原動機の定格出力が 0.6kw 以下　②長さ 1.9m 以下、幅 0.6m 以下　③最高速度 20km/h 以下

※３　三輪以上の原動機付自転車で、車室を備えるもの又は輪距が 0.5m を超えるもの
なお、三輪以上の原動機付自転車で、上記※２の①～③の要件に該当するものは、「特定小型原動機付自転車」とする。

※４　長さ 3.40m 以下、幅 1.48m 以下、高さ 2.00m 以下のもの



## ३　हल्का मोटर गाडी कर

### (१) हल्का मोटर गाडी कर तिर्ने विदेशी (कर भुक्तानी दायित्ववाला)

हल्का मोटर गाडी कर हरेक वर्ष अप्रिल १ तारिखमै फुकुओका नगर भित्र प्रमुख पार्किङ स्थल भएको मोटर इन्जिन जोडेको साइकल (स्कुटर), हल्का मोटर गाडी, साना विशेष खालका मोटर गाडीका तथा दुई पाङ्ग्रे साना मोटर गाडी (यस खालका गाडीलाई "हल्का मोटर गाडी आदि" भनिन्छ) को मालिकलाई कर लाग्नेछ।

*** अप्रिल १ तारिखभन्दा पछि नामसारी गरेको भए पनि अप्रिल १ तारिखकै स्वामित्ववालालाई कर लाग्नेछ।**

### (२) हल्का मोटर गाडी करको कर दर

हल्का मोटर गाडी करको कर दर हल्का मोटर गाडीको किसिम तथा डिस्प्लेसमेन्ट (इन्जिन सिसी) अनुसार यसप्रकार तोकिएको छ।

| मोटर इन्जिन जोडेको साइकल (स्कुटर)/दुई पाङ्ग्रे हल्का मोटरगाडी/दुई पाङ्ग्रे साना मोटरगाडी/साना विशेष मोटरगाडी | | | |
|---|---|---|---|
| गाडीको किसिम/डिस्प्लेसमेन्टको वर्गीकरण | | | करको दर (कर राशि) |
| मोटर इन्जिन जोडेको साइकल | ५० सिसी (अथवा ०.६ किलोवाट) वा सोभन्दा कम (छत सहितको तीन पाङ्ग्रे*१ र विशिष्ट साना मोटर इन्जिन जोडेको साइकल (स्कुटर) *२ लगायत, मिनिकार*३ बाहेक) | | २,००० येन |
| | दुई पाङ्ग्रे | ५० सिसी नाघ्ने, ९० सिसी वा सोभन्दा कम (अथवा ०.६ किलोवाट नाघ्ने, ०.८ किलोवाट वा सोभन्दा कम) | २,००० येन |
| | | १२५ सिसी वा सो भन्दा कम एवम् अधिकतम आउटपुट ४.० किलोवाट वा सो भन्दा कमका साधन | २,००० येन |
| | | ९० सिसी नाघ्ने, १२५ सिसी वा सोभन्दा कम (अथवा ०.८ किलोवाट नाघ्ने, १.० किलोवाट वा सोभन्दा कम) | २,४०० येन |
| | तीन पाङ्ग्रे वा सोभन्दा माथि | २० सिसी नाघ्ने, ५० सिसी वा सोभन्दा कम (मिनिकार*३) (अथवा ०.२५ किलोवाट नाघ्ने, ०.६ किलोवाट वा सोभन्दा कम) | ३,७०० येन |
| दुई पाङ्ग्रे हल्का मोटरगाडी | १२५ सिसी नाघ्ने, २५० सिसी वा सोभन्दा कम (बोट ट्रेलर जस्ता तान्ने गाडि*४ लगायत) | | ३,६०० येन |
| दुई पाङ्ग्रे साना मोटरगाडी | २५० सिसी नाघ्ने | | ६,००० येन |
| साना विशेष मोटरगाडी | खेती निमित्तको | | २,४०० येन |
| | अन्य | | ५,९०० येन |

*१　तीन पाङ्ग्रे मोटर इन्जिन जोडेको साइकल जसको साइडमा संरचनागत रूपमा खुल्ला रहेको बस्ने कक्ष भएको र दायाँबायाँको पाङ्ग्रा बीचको दूरी ०.५ मि. वा सोभन्दा कम रहेको

*२　बाह्य विद्युतीय स्रोतबाट आपूर्ति गर्नुपर्ने, जुन विद्युतीय स्रोतबाट नै चल्छ र निम्न सबैमा मेल खान्छ।
१. मोटरको रेटेड आउटपुट ०.६ किलोवाट वा सोभन्दा कम　२. लम्बाइ १.९ मि. वा सोभन्दा कम, चौडाइ ०.६ मि. वा सोभन्दा कम　३. अधिकतम गति २० कि.मि. प्रति घण्टा वा सोभन्दा कम

*३　तीन पाङ्ग्रे वा सोभन्दा माथिको मोटर इन्जिन जोडेको साइकल जसमा बस्ने कक्ष भएको अथवा दायाँबायाँको पाङ्ग्रा बीचको दूरी ०.५ मि. नाघ्ने
पुनश्च, तीन पाङ्ग्रे वा सोभन्दा माथिको मोटर इन्जिन जोडेको साइकलमा माथि उल्लिखित *२ को १. - ३.का आवश्यक सर्तहरूसँग मिल्ने सवारीलाई "विशिष्ट साना मोटर इन्जिन जोडेको साइकल" को रूपमा लिइनेछ।

*४　लम्बाइ ३.४० मि. वा सोभन्दा कम, चौडाइ १.४८ मि. वा सोभन्दा कम, उचाइ २.०० मि. वा सोभन्दा कम

| 三輪以上の軽自動車 | | | | | | |
|---|---|---|---|---|---|---|
| 車種・排気量の区分 | | | 税率（税額） | | | |
| | | | 旧税率 | 標準税率 | 重課税率※5 | 軽課税率 |
| | | | 平成 27 年3月 31 日以前に最初の新規検査を受けた車両 | 平成 27 年4月1日以降に最初の新規検査を受けた車両 | 最初の新規検査から 13 年を経過した車両 | |
| 三輪（660cc 以下） | | | 3,100 円 | 3,900 円 | 4,600 円 | 下表のとおり |
| 四輪以上（660cc 以下） | 乗用車 | 営業用 | 5,500 円 | 6,900 円 | 8,200 円 | |
| | | 自家用 | 7,200 円 | 10,800 円 | 12,900 円 | |
| | 貨物車 | 営業用 | 3,000 円 | 3,800 円 | 4,500 円 | |
| | | 自家用 | 4,000 円 | 5,000 円 | 6,000 円 | |

※5 令和8年度に重課税率となるのは、初度検査年月日が「平成 25 年3月」以前のもの。

一定の基準に該当する車両は、新規検査を受けた年度の翌年度課税分に限り、下表のとおり軽課税率が適用されます。

| 軽自動車の種別 | | | 軽課税率（税額） | |
|---|---|---|---|---|
| | | | 令和 10 年3月 31 日までに最初の新規検査を受けた電気軽自動車・天然ガス軽自動車（概ね 75%軽減） | 令和8年3月 31 日までに最初の新規検査を受けたガソリン車・ハイブリッド車（概ね 50%軽減） |
| 三輪（660cc 以下） | | | 1,000 円 | 2,000 円（乗用営業用のみ） |
| 四輪以上（660cc 以下） | 乗用車 | 営業用 | 1,800 円 | 3,500 円 |
| | | 自家用 | 2,700 円 | |
| | 貨物車 | 営業用 | 1,000 円 | |
| | | 自家用 | 1,300 円 | |



| तीन पाङ्ग्रे वा सोभन्दा माथिका हल्का मोटरगाडी | | | | | | |
|---|---|---|---|---|---|---|
| गाडीको किसिम/डिस्प्लेसमेन्टको वर्गीकरण | | | करको दर (कर राशि) | | | |
| | | | पुरानो करको दर | मानक करको दर | अधिक कर दर*५ | न्यून कर दर |
| | | | सन् २०१५ मार्च ३१ तारिखभन्दा पहिला सर्वप्रथम नयाँ परीक्षण गराएको गाडी | सन् २०१५ अप्रिल १ तारिख पश्चात् सर्वप्रथम नयाँ परीक्षण गराएको गाडी | सर्वप्रथम नयाँ परीक्षण गराएबाट १३ वर्ष बितेको गाडी | |
| तीन पाङ्ग्रे (६६० सिसी वा सोभन्दा कम) | | | ३,१०० येन | ३,९०० येन | ४,६०० येन | निम्न तालिका अनुसार |
| चार पाङ्ग्रे वा सोभन्दा माथि (६६० सिसी वा सोभन्दा कम) | सवारी निमित्तको गाडी | सेल्स निमित्तको | ५,५०० येन | ६,९०० येन | ८,२०० येन | |
| | | घरपरिवार निमित्तको | ७,२०० येन | १०,८०० येन | १२,९०० येन | |
| | मालवाहक गाडी | सेल्स निमित्तको | ३,००० येन | ३,८०० येन | ४,५०० येन | |
| | | घरपरिवार निमित्तको | ४,००० येन | ५,००० येन | ६,००० येन | |

*५ आर्थिक वर्ष २०२६मा अधिक कर दर लागु हुने भनेको, प्रथम परीक्षण गरेको मिति "सन् २०१३ मार्च महिना" भन्दा पहिलाको।

एक निश्चित मापदण्ड भित्र पर्ने गाडीका सन्दर्भमा नयाँ परीक्षण गराएको आर्थिक वर्षको आउँदो आर्थिक वर्षमा लाग्ने करमा मात्र, निम्न तालिका अनुसार न्यून कर दर लागु हुन्छ।

| हल्का मोटर गाडीको किसिम | | | न्यून कर दर (कर राशि) | |
|---|---|---|---|---|
| | | | सन् २०२८ मार्च ३१ तारिखसम्ममा पहिलापालीको नयाँ परीक्षण गराएको गाडी विद्युतीय हल्का मोटरगाडी/प्राकृतिक ग्याँस हल्का मोटरगाडी (करिब ७५% न्यूनीकरण) | सन् २०२६ मार्च ३१ तारिखसम्ममा पहिलापालीको नयाँ परीक्षण गराएको गाडी पेट्रोल गाडी/ हाइब्रिड गाडी (करिब ५०% न्यूनीकरण) |
| तीन पाङ्ग्रे (६६० सिसी वा सोभन्दा कम) | | | १,००० येन | २,००० येन (सवारी तथा सेल्स निमित्तको मात्र) |
| चार पाङ्ग्रे वा सोभन्दा माथि (६६० सिसी वा सोभन्दा कम) | सवारी निमित्तको गाडी | सेल्स निमित्तको | १,८०० येन | ३,५०० येन |
| | | घरपरिवार निमित्तको | २,७०० येन | |
| | मालवाहक गाडी | सेल्स निमित्तको | १,००० येन | |
| | | घरपरिवार निमित्तको | १,३०० येन | |

## (3) 軽自動車税の申告

次の場合には軽自動車税に関する申告が必要になります。

○ 軽自動車等を購入、譲受けにより取得した場合
○ 廃車、売却、譲渡、盗難により喪失した場合
○ あなたの住所又は軽自動車等の定置場を変更した場合



申告場所は、次のとおりです。

○ 原動機付自転車（125cc 以下のバイク）・小型特殊自動車
資産課税課軽自動車税係（博多区役所９階）（P15 参照）

○ 軽自動車（三・四輪）
（一社）全国軽自動車協会連合会福岡事務所
所在地：東区みなと香椎４丁目３番 16 号
電話番号:092-410-8090

○ 二輪の軽自動車・二輪の小型自動車
（一社）全国軽自動車協会連合会福岡事務所　千早分室
所在地：東区千早３丁目 10 番 40 号　陸運会館２階
電話番号：092-410-8090（福岡事務所の代表番号）

## (4) 納期と納付方法

軽自動車税は、市役所から送付した納税通知書（納付書）により納期限までに納めていただくことになっています。
詳しい納付方法は、P10～11 をご覧ください。

| | |
|---|---|
| 納期月 | ５月 |

※納期限は月末です。納期限が、土曜日、日曜日、祝日にあたるときは、これらの日の翌日が納期限となります。

福岡市外へ転出したり、日本国外へ出国される場合には、必ず申告手続及び軽自動車税の納付を済ませ、納め忘れのないようにしてください。



## (३) हल्का मोटर गाडी करको निवेदन

निम्न अवस्थामा हल्का मोटर गाडी करसँग सम्बन्धित निवेदन दिनु आवश्यक छ।

○ हल्का मोटर गाडी आदिको खरिद वा कसैबाट प्राप्त गरेको अवस्थामा
○ गाडीको दर्ता हटाउने, बेच्ने, कसैलाई प्रदान गर्ने वा चोरीमा परी गुमाउन पुगेमा
○ तपाईंको ठेगाना वा हल्का मोटर गाडी आदिको निश्चित पार्किङ स्थान परिवर्तन गरेको खण्डमा



निवेदन दिने स्थान निम्न अनुसार छ।

○ मोटर इन्जिन जोडेको साइकल (१२५ सिसी वा सोभन्दा कम भएको मोटरसाइकल) वा साना विशेष मोटरगाडी
सम्पत्ति कर फाँट, हल्का मोटरगाडी कर प्रभारी (हाकाता वडापालिका कार्यालय ९ तल्ला) (पृष्ठ १५ हेर्नुहोस्)

○ हल्का मोटरगाडी (तीन पाङ्ग्रे/चार पाङ्ग्रे)
(जनरल इनकर्पोरेटिभ लिमिटेड) अखिल हल्का मोटर गाडी संघ सङ्गठन फुकुओका कार्यालय
ठेगाना: हिगासी वडा मिनातोकासिइ ४-३-१६
फोन नम्बर: ०९२-४१०-८०९०

○ दुई पाङ्ग्रे हल्का मोटरगाडी/दुई पाङ्ग्रे सानो मोटरगाडी
(जनरल इनकर्पोरेटिभ लिमिटेड) अखिल हल्का मोटर गाडी संघ सङ्गठन फुकुओका कार्यालय　चिहाया कक्ष
ठेगाना: हिगासी वडा चिहाया ३-१०-४० रिकुउन खाइखान २ तल्ला
फोन: ०९२-४१०-८०९० (फुकुओका कार्यालयको प्रतिनिधि फोन नम्बर)

## (४) कर भुक्तानी म्याद तथा कर भुक्तानी तरिका

हल्का मोटरगाडी करलाई नगर कार्यालयबाट पठाइएको कर भुक्तानी सूचना पत्र (नोउहुस्यो) द्वारा भुक्तानी　म्यादसम्ममा भुक्तानी गर्नुपर्ने हुन्छ।
भुक्तानी तरिकाको विस्तृत जानकारीको लागि पृष्ठ १०-११ हेर्नुहोस्।

| | |
|---|---|
| भुक्तानी म्यादको महिना | मे महिना |

*मसान्तमा भुक्तानी म्याद खतम हुन्छ। शनिवार, आइतवार तथा सार्वजनिक बिदामा म्यादको अन्तिम दिन परेमा त्यसको भोलिपल्ट म्याद खतम हुनेछ।

फुकुओका नगर बाहिर बसाइँ सरि जाने वा जापानबाट बाहिर जाने भएमा अनिवार्य रूपमा निवेदन प्रक्रिया गरि हल्का मोटरगाडीको कर रकम भुक्तानी गरि सम्पूर्ण रकम तिर्न नभुल्नुहोस्।

## 4　市税の納付

